उप्र:
नगर प्रमुख

अनुसूची -२
प्रस्ताव नं. १
(नियम ७ को उपनियम (३) संग सम्बन्धित)
प्यूठान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय विजुवार प्यूठान

## प्रदेश नं.५

विषय : कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव पेशगर्न प्रमुख बाट स्वीकृति प्राप्त मिति :-२०७७।५।२१

१) विषयको संक्षिप्त व्यहोरा:-नगरपालिकाको काम कारवाहीलाई व्यवस्थित गर्न विभिन्न कार्यविधिहरु निर्माण गर्नु पर्ने ।

२) प्राप्त परामर्श तथाअन्य सान्दर्भिक कुरा :- नगरपालिकाको विधेयक समितिको बैठकमा प्युठान नगरपालिकाको **फलफूल तथा तरकारी संकलन केन्द्र सञ्चालन कार्यविधि, २०७७, प्राइभेट फर्म दर्ता तथा नबिकरण सम्बन्धी कार्यबिधि, २०७७ र फोहोरमैला ब्यबस्थापन कार्यबिधि, २०७७** उपर छलफल भई नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय भएको ।

३) प्रस्ताव पेश गर्नु पर्नाको कारण :- प्युठान नगरपालिकाको काम कारवाहीलाई व्यवस्थित गर्नुपर्ने ।

४) निर्णय हुनुपर्ने व्यहोरा :- नगरपालिकाको विधेयक समितिको बैठकमा प्युठान नगरपालिकाको **फलफूल तथा तरकारी संकलन केन्द्र सञ्चालन कार्यविधि, २०७७, प्राइभेट फर्म दर्ता तथा नबिकरण सम्बन्धी कार्यबिधि, २०७७ र फोहोरमैला ब्यबस्थापन कार्यबिधि, २०७७** उपर छलफल भई नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय भएकोले सो कार्यविधि पारित गर्ने निर्णय स्वीकृत गर्ने ।

निर्णय : "पेश भए बमोजिमको प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

उप्र:
नगर प्रमुख

अनुसूची -
प्रस्ताव नं. २
(नियम ७ को उपनियम (३) संग सम्बन्धित)

प्यूठान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय विजुवार प्यूठान
# प्रदेश नं.५

विषय : नदिजन्य प्राराम्भीक वातावरणिय अध्ययन प्रतिबेदन सम्बन्धमा ।

प्रस्ताव पेशगर्न प्रमुख बाट स्वीकृति प्राप्त मिति :-२०७७।५।२१

१) विषयको संक्षिप्त व्यहोरा:- नगरपालिकाको नदिजन्य पदार्थको उत्खनन् तथा संकलनको प्राराम्भीक वातावरणिय अध्ययन प्रतिबेदन स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने ।

२) प्राप्त परामर्श तथाअन्य सान्दर्भिक कुरा :- नगरपालिकाको नदिजन्य पदार्थको उत्खनन् तथा संकलनको प्राराम्भीक वातावरणिय अध्ययन प्रतिबेदन पारित गरी काम कारबाहीलाई ब्यबस्थीत गर्नु पर्ने ।

३) प्रस्ताव पेश गर्नु पर्नाको कारण :- प्युठान नगरपालिकामा स्थानिय श्रोतको सदुपयोग गरी आन्तरीक आयलाई बढाउनु ।

४) निर्णय हुनुपर्ने व्यहोरा :- नगरपालिकाको नदिजन्य पदार्थको उत्खनन् तथा संकलनको प्राराम्भीक वातावरणिय अध्ययन प्रतिबेदन पारित गरी तपसिलका काम कारबाहीलाई ब्यबस्थीत गर्ने ।

तपसिल

क नदिजन्य प्राराम्भीक वातावरणिय अध्ययन प्रतिबेदन स्वीकृती गर्ने ।

ख स्वीकृत नदिजन्य प्राराम्भीक वातावरणिय अध्ययन प्रतिबेदन ५ नं प्रदेश सरकार र जिल्ला समन्वय समिति प्यूठानमा पठाउने ।

ग नदिजन्य प्राराम्भीक वातावरणिय अध्ययन प्रतिबेदनका आधारमा न्यूनतम अंकलाई आधारमानी टेन्डर प्रक्रियामा जाने ।

नगर प्रमुख

घ नदिजन्य प्राराम्भीक वातावरणिय अध्ययन प्रतिबेदन का आधारमा तपसिलका चार वटा घाटगद्धी कायम गरी तपसिलको न्यूनतम रकम कायम गरी बोलपत्र आब्हान गर्ने ।

तपसिल

| घाटगद्धीको नाम | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) |
|---|---|
| बेलुवा घाटगद्धी( सालघारी, फुलघाट,खैरा,बेलुवा जुम्री दोभान सम्म) | ७५०००० |
| बिजुवार घाटगद्धी ( जुम्री दोभान देखि सत्तरी सम्म, जुम्री दोभान देखि ढुंगेठाटी सम्म) | ६५०००० |
| टिकुरी घाटगद्धी ( सत्तरी देखि बाग्दुला पक्कीपुल, सारीबांग क्षेत्र) | ५००००० |
| सिसौघारी घाटगद्धी ( बाग्दुला पुल देखि धाइरे सम्म, हाडीगैरा मरण्ठाना क्षेत्र ) | ४५०००० |

ङ ठेक्का प्रक्रिया भइ कार्यान्वयन नहुदा सम्मका लागि २५ प्रतिशत सेबाशुल्क उपलब्ध गराउने गरी नगर पालिकामा रहेको इलाका प्रहरी कार्यालय बिजुवारलाइ जिम्मा दिने ।

निर्णय : "पेश भए बमोजिमको प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

नगर प्रमुख

अनुसूची -२
प्रस्ताव नं. ५
(नियम ७ को उपनियम (३) संग सम्बन्धित)
प्यूठान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय विजुवार प्यूठान
## प्रदेश नं.५

विषय : बिबिध ।

प्रस्ताव पेश गर्न प्रमुख बाट स्वीकृति प्राप्त मिति:-२०७७।५।२१

१) विषयको संक्षिप्त व्यहोरा :-नगरपालिकाका विविध निर्णयहरु ।

२) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :- नगर कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने विविध निर्णयहरु ।

३) प्रस्ताव पेश गर्नुपर्नाको कारण :- नगर कार्यपालिकाबाट विविध प्रस्तावहरु उपर निर्णय हुन आवश्यक परेकोले ।

४) निर्णय हुनुपर्ने व्यहोरा :–तपशिल बमोजिमका निर्णय गर्ने ।

क) सामाजिक विकास मन्त्रालयबाट तपसिलका प्रस्तावका लागि सूचना प्रकाशन गरेकाले साझेदारी लगानीको प्रतिबद्धता सहित प्रस्ताव पेश गर्ने ।

तपसिल

१ ढुंगेठाटी खेल मैदानको संरचनाको पुर्बाधार निर्माण

२ धर्मावती स्वास्थ्य चौकीको पुर्बाधार निर्माण ।

ख) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि गठन गर्नुपर्ने स्थानिय निर्देशक समितिमा तपसिलका सदस्यहरु नगर प्रमुखबाट मनोनयन गरिएकोले सो को अनुमोदन गर्ने ।

१ नेहर सिंह के.सीं

२ प्रेम हमाल

ग संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा पर्यटन पुर्बाधार तथा पर्यटन उपज विकास सझेदारी कार्यक्रमकम लागि साझेदारी लगानी प्रतिबद्धता सहित भित्रीकोट दरबार संरक्षण योजनाको प्रस्ताब पेश गर्ने ।

घ प्यूठान नगरपालिकामा रहेका सडक बत्ती मर्मत गर्ने ।

ङ प्यूठान नगरपालिको कोसेली घर सहिद पार्कमा निर्माण गर्ने ।

च फलफुल तथा तरकारी संकलन केन्द्रको प्रति सटरकोठाको मासिक भाडा रु ३ हजार न्यूनतम कायम गर्ने र फलफुल संकलन केन्द्र संचालनका अन्य प्रक्रिया सञ्चालन गर्न कृषि इकाइलाई जिम्मेवारी तोक्ने ।

नगर प्रमुख

छ मिति २०७७।५।१ गतेको कार्यपालिका बैठकको निर्णय नं ४ को विषय : घर नक्सा पास तथा अभिलेखिकरण सम्बन्धमा २०७७ आषाढ मसान्त भन्दा अघि हुनुपर्नेमा २०७२ बैशाख १२ हुन गएकोले प्युठान नगरपालिकाको २०७७ आषाड मसान्त भन्दा पहिला नै निर्माण भएका घरहरुको घर नक्सा प्रमाणित तथा अभिलेखिकरण २०७८ आषाढ मसान्त सम्म पुन म्याद थप गर्ने ।

ज नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको योजना तथा अनुगमन शाखाको चलानी नम्बर ४३४ मिति २०७७।०२।२० को पत्रको गरिवि निवारण कोषद्धारा प्रबर्द्धित सामुदायिक संस्थाहरुलाइ सहकारी संस्थामा बिकास गरी रोजगारी प्रर्बधन गर्ने कार्यको जिम्मेवारी आर्थिक बिकास शाखालाई दिने ।

झ) मिति २०७५।३।११ गतेको नगर कार्यपालिको बैठकको निर्णयमा नगरपालिकाको प्राबिधिक कर्मचारीहरुलाई इन्धन तथा यातायात खर्च वापत रु ५००० उपलब्ध गराउने निर्णय भएकोमा पुर्बाधार शाखामा कार्यरत प्राबिधिक कर्मचारी र वास इकाइमा कार्यरत खा.पा.स.टे. लाई मात्र प्रबिधिक फिल्ड भत्ता वापत मासिक रु ५००० र औचित्यका आधारमा इन्धन उपलब्ध गराउने ।

निर्णय : "पेश भए बमोजिमको प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।